गजुरी गाउंपालिका

# गाउं कार्यपालिकाको कार्यालय

[illegible] धादिङ

बागमती प्रदेश, नेपाल ।

## शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/१२/०५

यस गाउंपालिकाको निम्न योनजाको निर्माण कार्य यस आ.ब. २०८०/०८१ मा शिलबन्दी दरभाउ पत्रद्वारा गर्नु पर्ने भएकोले योग्य , मान्यता प्राप्त तथा सम्बन्धित कार्यमा अनुभवी निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्बकको शिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ ।

१. बोलपत्र प्रथम पटक प्रकाशित मितिले १६ औं दिन सम्म यस कार्यालयमा तपशिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा यस कार्यालयको खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको भौचर , आ.व. ०८०/०८१ को लागि नविकरण भएको इजाजत पत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र आ.व.०७९/०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु र स्वघोषणा पत्र संलग्न राखी इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीले तेकिएको समयभित्र रित पुर्वक दरभाउ पत्र फारम खरिद गर्न सकिने छ ।

२.. खरिद भएका दरभाउ पत्रहरुको प्रत्येक आइटम प्रस्टसंग भरी, निर्माण व्यवसायीले सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे सम्म कार्यालयमा पेश गर्न सकिनेछ र सोहि दिन २.०० बजे ठेक्का खोलिने छ

३. दरभाउ पत्र फारमसाथ धरौटी वापत तल उल्लेखित जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंक गजुरी शाखामा रहेको धरौटी खाता नं.१०५०१००३०३००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा शिलबन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम मिति देखि ७५ दिन म्याद भएको, मान्याता प्राप्त वैंकबाट वैंक ग्यारेन्टी (विड वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

४. शिलबन्दी दरभाउ पत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी शिलबन्दी दरभाउ पत्र भरेको मानिने छ ।

५. शिलबन्दी दरभाउ पत्र पत्रदाताले आफूले कबोल गरेको अंक मुल्य अभिवृद्धि कर वाहेकको हुनु पर्नेछ । मुल्य अभिवृद्धि करको रकम समेत एकमुष्ट भूक्तानी गरिने छ ।

६. शिलबन्दी दरभाउ पत्रदाताको वोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई शिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. शिलबन्दी दरभाउ पत्रमा आवश्यक कुनै शंसोधन गर्नु परेमा यस कार्यालयको सूचनापाटीमा सूचित गरिनेछ र गा.पा.को web site: www.gajurimun.gov.np मा समेत हेर्न सकिनेछ ।

९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पुर्ण करहरु शिलबन्दी दरभाउ पत्र दाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा सार्वजनिक खरीद नियमावली , २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ । संयुक्त उपकम (Joint Venture) मा काम गर्ने व्यवसायीको सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१२. शिलवन्दी दरभाउ पत्र खरिद र दर्ता गर्ने अन्तिम दिन विदा परेमा सो पछि कार्यालय खोलेको दिन माथि उल्लेख भएका समयमा शिलबन्दी दरभाउ पत्र खरिद, दर्ता र खोल्ने काम हुनेछ ।

१३. यसमा लेखिएको हकमा यसै अनुसार र यस सुचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा सार्वजनिक खरीद ऐन , २०६३ तथा सार्वजनिक खरीद नियमावली , २०६४ एवं अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

### कामको विवरण

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई रकम (मू.अ.कर र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम रु. | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | GRM/W/NCB-10/080/081 | मुलाखर्क दलित वस्ती खानेपानी एक घर एक धारा गजुरी ५ | १७,२३,६१७।५७ | ५०,०००।०० | १०००।० |

२०८०/१२/०५

नि.प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत